UNRCPD

UN Regional Centre for Peace and Disarmament in Asia and the Pacific

## प्रेस विज्ञप्ती

### शान्ति र निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघ क्षेत्रीय केन्द्र (युएनआरसीपीडी) ले लैंगिक दृष्टिकोणबाट बन्दुकजन्य हिंसा र अवैध साना हतियार ओसारपसार सम्बन्धी क्षेत्रीय सम्मेलन आयोजना गर्ने

काठमाडौं, नेपाल २०७६ फागुन २० गते (सन् २०२० मार्च ३) - एसिया र प्रशान्त क्षेत्रमा शान्ति र निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघ क्षेत्रीय केन्द्र (युएनआरसीपीडी) ले काठमाडौंमा २०७६ फागुन २१ देखि २३ गते (सन् २०२० मार्च ४-६) सम्म *"लैंगिक दृष्टिकोणबाट बन्दुकजन्य हिंसा र अवैध साना हतियार ओसारपसार"* सम्बन्धी क्षेत्रीय सम्मेलन आयोजना गर्न गइ रहेको छ ।

उक्त सम्मेलनले दक्षिणपूर्वी एसिया, दक्षिण एसिया र प्रशान्त क्षेत्रका १७ मुलुकका सांसद तथा गैरसरकारी संस्थाका सदस्यहरुका साथै अन्तरराष्ट्रिय विज्ञहरु तथा संयुक्त राष्ट्रसंघीय अधिकारीहरुलाई भेला गरी हातहतियार नियन्त्रण तथा लैंगिक मुद्दाहरुमा छलफल चलाउने छ । यो सम्मेलनले युएनआरसीपीडीको महिला, शान्ति र सुरक्षा कार्यक्रमको ढाँचामा उपक्षेत्रीय स्तरमा संचालित यस अघिका तीनवटा कार्यशालाका प्रयासहरुलाई निष्कर्षमा पुऱ्याउने छ जसको उद्देश्य साना तथा हलुका हतियार (एसएएलडब्लु) (Small arms and light weapons (SALW) को अवैध ओसारपसार, तिनीहरुको दुरुपयोग तथा बन्दुकजन्य हिंसालाई निषेध तथा सामना गर्ने क्षेत्रमा महिलाहरुको सहभागितालाई सबल बनाउने तथा प्रवर्द्धन गर्ने रहेको छ ।

विशिष्ट बिषयगत सत्रहरु तथा व्यवहारिक अभ्यासहरु मार्फत उक्त सम्मेलनले एसिया प्रशान्त क्षेत्रका सहभागीहरुलाई उपक्षेत्रीय स्तरका कार्यशालाहरुका दौरान र त्यस पश्चातका अनुभवहरु आदानप्रदान र छलफल गर्न तथा बन्दुकजन्य हिंसा तथा अवैध साना हतियारको ओसारपसारलाई लैंगिक दृष्टिकोणबाट सम्वोधन गर्न सांसद तथा गैससहरुबीच बिचार मन्थन गर्ने अवसर प्रदान गर्नेछ । उक्त अवसरमा सहभागिहरुले उपक्षेत्रीय स्तरका कार्यशालाका उपलब्धीहरुलाई मिलाएर त्यसबाट आएका उपलब्धीहरु, पत्ता लागेका कुराहरु र सिकिएका पाठहरुका बिषयमा गहन छलफल गर्नेछन् । यसले राष्ट्रिय तथा क्षेत्रीय तहमा भावी योजना तय गर्नका लागि निर्देशात्मक द्विग्दर्शनका रुपमा काम गर्नेछ ।

उक्त सम्मेलन हतियार व्यापार सन्धी तथा साना तथा हलुका हतियारसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रम जस्ता मुख्य अन्तरराष्ट्रिय हतियार नियन्त्रण सन्यन्त्रहरुको व्यवहारिक कार्यान्वयनका लागि सचेतना जगाउन र दिगो विकास तथा महिला, शान्ति र सुरक्षा कार्यसूची सम्बन्धी युएन २०३० कार्यसूची (UN 2030 Agenda for Sustainable Development and the Women, Peace and Security Agenda) सँग जोडिनका लागि पनि उपयोगी हुने छ ।

यो कार्यशाला महिला, शान्ति र सुरक्षा कार्यसूची अनुरुप साना हतियार ओसारपसार तथा दुरुपयोग विरुद्ध लड्ने नीति, कार्यक्रम तथा कारवाहीहरुमा लैंगिक मूलप्रवाहीकरणलाई सहयोग गर्ने सन् २०१७ डिसेम्बर १७ को काउन्सिलको निर्णय (सीएफएसपी) २०१८/२०११ अन्तर्गत युरोपियन युनियनबाट अनुदान प्राप्त कार्यक्रम हो ।

थप जानकारीका लागि कृपया श्री युरी क्रिभोनोस, युएनआरसीपीडी निर्देशकलाई info@unrcpd.org मा सम्पर्क गर्नुहोस् ।

युरोपियन युनियन(सीएफएसपी २०१८/२०११) बाट अनुदान प्राप्त
Funded by the European Union (CFSP 2018/2011)